# अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २१ जेठ ०८२


## नेपालमा लम्बिन थाल्यो पर्यटकको बसाइ अवधि

### एकजना पर्यटकले सरदर १३.३० दिन बिताउन थालेको सरकारी तथ्यांक

**पवन तिमिल्सिना**/नयाँ पत्रिका



नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको बसाइ अवधि लम्बिन थालेको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०२४ मा प्रतिपर्यटक सरदर बसाइ अवधि १३.३० दिन पुगेको छ। सन् २०२३ मा पर्यटकको बसाइ अवधि १३.२० दिन थियो। यो औसत बसाइ अवधि पछिल्लो तीन वर्षयताकै बढी हो। यसअघि सन् २०२१ मा यस्तो बसाइ अवधि १५.५० दिन थियो।

यो तथ्यांकमा स्थलमार्गबाट आएका भारतीय पर्यटकको आगमन संख्या समावेश छैन। मन्त्रालयअनुसार सन् २०२४ मा एक लाख २३ हजार ६ सय ११ जना स्थलमार्गबाट आएका थिए भने हवाईमार्गबाट १० लाख २३ हजार नौ सय ३७ जना भित्रिएका थिए। कुल ११ लाख ४७ हजार पाँच सय ४८ जना पर्यटक आगमन भएका थिए। सन् २०२३ को तुलनामा १३.०७ प्रतिशतले बढी पर्यटक नेपाल भित्रिएका हुन्।

२०२४ मा विभिन्न देशबाट करिब साढे ११ लाख पर्यटक नेपाल घुम्न आएका थिए। यो संख्या अघिल्लो वर्ष २०२३ को तुलनामा १३ प्रतिशतभन्दा बढी हो।

सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ पर्यटक नेपाल भित्रिएको पर्यटन बोर्डको तथ्यांक छ। वर्षको अन्तिम महिना डिसेम्बरमा ९३ हजार पर्यटक नेपाल भित्रिएका छन्।

विगतका वर्षको तुलनामा सन् २०२४ मा पर्यटक आगमन बढे पनि यो सरकारी लक्ष्यअनुसार भने होइन। सो वर्ष १२ लाख (सन् २०१९ भन्दा धेरै) पर्यटक नेपाल भ्रमणमा आउने सरकारको आकलन थियो। कोभिडअघि सन् २०१९ मा हालसम्मकै उच्च ११ लाख ९७ हजार एक सय ९१ पर्यटक नेपाल भित्रिएका थिए।

२०२४ मा युरोपियन र अमेरिकी पर्यटक आगमन बढ्यो। तर, भारतीय र चिनियाँ पर्यटक आगमन उत्साहप्रद देखिएन। कोभिडपछि नेपाल भ्रमणमा आउने चिनियाँ अपेक्षित रूपमा बढ्न सकेका छैनन्। कोभिडअघि भारतपछि सबैभन्दा धेरै पर्यटक घुम्न आउने देशमा चीन दोस्रो थियो। तर, अहिले अमेरिकन पर्यटकले पछाडि पारेपछि चिनियाँ तेस्रो नम्बरमा छन्।

सन् २०२४ मा पहिलो महिना जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मार्चमा एक लाख २८ हजार एक सय ६७, अप्रिलमा एक लाख ११ हजार तीन सय ७६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६, जुलाईमा ६४ हजार पाँच सय ९९, अगस्टमा ७२ हजार सात सय १७, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३, नोभेम्बरमा एक लाख १४ हजार पाँच सय एक र डिसेम्बरमा करिब ९३ हजार (अनुमानित) पर्यटक नेपाल घुम्न आएका छन्।






# लगानी मोडेलमै अल्झियो राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत्

### अब पिपिपी मोडेलमा बनाउने प्रस्ताव, ५० वर्षअघि पहिचान भएको परियोजना नीतिगत अस्थिरताको सिकार

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् परियोजना स्वदेशी लगानीमा बनाउन कम्पनी स्थापना भए पनि लगानी मोडेलमा अल्झिएको छ। सरकारको स्वामित्वमा १७ भदौ ०७९ मा 'बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड' नामक कम्पनी स्थापना भएको तीन वर्ष हुन लाग्दा पनि लगानीको मोडेल टुंगो लागेको छैन।

परियोजना बनाउन पटक-पटक फरक-फरक लगानीका मोडेलमा छलफल भए पनि ठोस निर्णय हुन सकेको छैन। कम्पनी स्थापना भएपछि सुरुमा सरकारको स्वामित्व र सरकारकै सहुलियतपूर्ण ऋणमा परियोजना बनाउने भनिएको थियो। अहिले भने सार्वजनिक निजी-साझेदारी (पिपिपी) मोडेलमा परियोजना बनाउने भनिएको छ। गत १५ जेठमा सरकारले ल्याएको आगामी आवको बजेटबाट पिपिपी मोडेलमा उक्त परियोजना निर्माण गर्ने उल्लेख गरिएको छ। 'बुढीगण्डकी आयोजना सार्वजनिक-निजी साझेदारीमा निर्माण गरिनेछ,' बजेटको बुँदा नम्बर २२४ मा भनिएको छ।

परियोजनाको डिपिआर बनेको नै १० वर्ष भइसकेको छ। ९० प्रतिशतभन्दा बढी जग्गा प्राप्ति भइसकेको छ। निर्माणपूर्वका अधिकांश काम सम्पन्न भएका छन्। लगानी जुटाउनासाथ परियोजनाको निर्माण सुरु गर्न सकिन्छ। तर, सरकार भने अझै लगानीको मोडेलमा अल्झिएको ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए। 'कहिले कुन मोडेल भनिन्छ, कहिले कुन ? अहिले फेरि पिपिपी मोडेल भनिएको छ। हेरौँ, यो कत्तिको सफल हुन्छ ?' मन्त्रालयका एक अधिकारीले भने।

कम्पनीमा काजका रूपमा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाएका ऊर्जा मन्त्रालयका सहसचिव जीवछ मण्डलले पनि बजेटमा उल्लेख भएअनुसार परियोजना निर्माणबारे छलफल अघि बढ्ने बताए। 'बजेटमा पिपिपी मोडेलमा यो परियोजना बनाउने भनेर उल्लेख गरिएको छ। अब यो विषयमा छलफल अघि बढ्नेछ,' उनले भने, 'पिपिपी मोडेल बनाउने भएपछि लगानीकर्तालाई आकर्षण गर्नुपर्नेदेखि विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए)को ग्यारेन्टीसम्म हुन आवश्यक हुन्छ। अब यो विषयमा छलफल अघि बढ्नेछ।'

धादिङ र गोरखाको सिमानामा बन्ने यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा पनि गरिएको छ। तर, यसको निर्माणमा अस्वाभाविक रूपमा ढिलाइ हुँदै आएको छ। यो परियोजना बनाउन सन् २०१५ मा दुई अर्ब ५९ करोड डलर अनुमान गरिएको थियो। आयोजनाको संशोधित लागत अनुमान चार खर्ब १३ अर्ब रुपैयाँ हाराहारी पुगिसकेको छ।

### ■ ५० वर्षअघि पहिचान भएको परियोजना अस्थिरताको सिकार

सन् १९७३/७४ मा पहिचान भएको यो आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा भएको थियो। पहिला यो ६ सय मेगावाट क्षमतामा बनाउने भनिएको थियो। पछि नेपाल विद्युत् प्राधिकरणले सन् २०१०/११ मा थप अध्ययन गरेर पुरानो प्रतिवेदनलाई अद्यावधिक गरेको थियो। आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन तथा बोलपत्र दस्ताबेज तयारीका लागि डिसेम्बर २०१२ मा फ्रान्सको ट्र्याक्टेबल इन्जिनियरिङसँग प्राधिकरणले ठेक्का सम्झौता गरेको थियो। उक्त कम्पनीले १२ सय मेगावाटमा यो आयोजना निर्माण गर्ने गरी ३१ अक्टोबार २०१५ मा आफ्नो अध्ययन प्रतिवेदन नेपाललाई बुझाएको थियो।



**पूर्वऊर्जासचिव देवेन्द्र कार्की भन्छन्-**



यो परियोजना निर्माणका लागि तयारी अवस्थामा छ। पहुँचमार्ग बनिसकेका छन्। जग्गा प्राप्ति भइसकेको छ। अब पैसा जुटाएर निर्माण सुरु गर्नुपर्ने हो। हिउँदमा विद्युत्को अभाव भइरहेको अवस्थामा जलाशययुक्त परियोजना बनाउनुपर्ने दबाब पनि छ। तर, यसमा सरकारले ध्यान दिएको देखिएन। लगानी मोडेलसमेत परिवर्तन गरिरहनु र त्यसमा ठोस निर्णय पनि निकाल्न नसक्नु राम्रो भएन।

सरकारले ०६९ मा बुढीगण्डकी जलविद्युत् आयोजना विकास समिति गठन गरेको थियो। तर, २०७३ विकास समिति खारेज गरेर यो आयोजना 'चाइना गेजुवा वाटर एन्ड पावर ग्रुप कम्पनी' (गेजुवा)लाई दिने निर्णय भयो। त्यसवेला प्रधानमन्त्री पुष्पकमल दाहाल थिए। पछि ०७४ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि उनले उक्त आयोजना गेजुवाबाट खोसे। त्यसपछि एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदा ०७५ मा उक्त आयोजना पुनः गेजुवालाई दिइएको थियो।

प्रधानमन्त्री देउवा हुँदा चैत ०७८ मा गेजुवाबाट परियोजना पुनः खोसियो। १७ भदौ ०७९ मा कम्पनी स्थापना गरियो। ३ साउन ०८० मा गोरखाको सिउरेनीटारमा कम्पनीको 'फिल्ड कार्यालय' नै उद्घाटन गरियो। त्यसपछि सरकारले ०७४ मा गठन गरेको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ पनि खारेज गऱ्यो।

कम्पनी स्थापना भएपछि आव ०८०/८१ बाटै परियोजनाको निर्माण प्रक्रिया सुरु गर्ने भनिएको थियो। २ साउन ०८० मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक बर्षभित्र निर्माण सुरु गर्ने भनेका थिए। तर, हालसम्म लगानी मोडेल छनोटमै परियोजना अल्झिएको सरोकारवाला बताउँछन्।

कम्पनीले पहिलोपटक सरकारी निकायको कुल ८० प्रतिशत सेयर स्वामित्व हुने गरी माघमा ०८० मा ऊर्जा मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा लगानीका दुई खाका पेस गरेको थियो। पहिलो खाकामा एक खर्बको स्वपुँजीमा परियोजना बनाउने प्रस्ताव थियो। त्यसमा सरकारको ५१ अर्ब, प्राधिकरणको २० अर्ब, सरकारी तथा सार्वजनिक निकायको नौ अर्ब, सर्वसाधारणको १० अर्ब र आयोजना प्रभावितको १० अर्ब सेयर लगानी हुने प्रस्ताव गरिएको थियो।

दोस्रो खाकामा सरकारको ४७ अर्ब तीन करोड (५१ प्रतिशत), प्राधिकरणको १८ अर्ब ४४ करोड (२० प्रतिशत), अन्य सरकारी तथा सार्वजनिक निकायको आठ अर्ब ३० करोड (९ प्रतिशत), सर्वसाधारणको नौ अर्ब २२ करोड (१० प्रतिशत) र आयोजना प्रभावित बासिन्दाको नौ अर्ब २२ करोड (१० प्रतिशत) सेयर हुने प्रस्ताव गरिएको थियो। यसमा सरकारले सहुलियत (१ प्रतिशत ब्याज)मा एक खर्ब ३९ अर्ब ९१ करोड कर्जा उपलब्ध गराउने प्रस्ताव गरिएको थियो। बाँकी ७८ अर्ब ३५ करोड रुपैयाँ भने व्यावसायिक कर्जा परिचालन गरिने भनिएको थियो।

तर, सरकारले त्यो मोडेल टुंगोमा पुऱ्याउन सकेन। त्यसपछि कम्पनीले परियोजनाको ड्याम र विद्युत् उत्पादन फरक-फरक कम्पनीबाट गराउने गरी नयाँ खाका बनाउन लागेको थियो। तर, त्यो मोडेल पनि टुंगोमा पुग्न सकेन। अहिले बजेटबाटै पिपिपी मोडेलमा यो परियोजना बनाउने भनिएको छ।

### ■ पछिल्ला तीन बजेटमा भनिएको छ, 'निर्माण सुरु गर्छौं', तर प्रगति शून्य

चैत ०७८ मा गेजुवाबाट परियोजना खोसेपछिका हरेक बजेटमा यो परियोजनाको निर्माण सुरु गर्ने भनिएको छ। तर, हालसम्म परियोजना निर्माण प्रक्रियासमेत सुरु सकेको छैन।

आव ०७९/८० को बजेटमा लगानीको मोडेल र स्रोत व्यवस्थापन गरी यो परियोजनाको निर्माण कार्य अगाडि बढाउने भनिएको थियो। तर, त्यो आवमा कम्पनी स्थापनाभन्दा थप उपलब्धि हुन सकेन। त्यसपछि आव ०८०/८१ को बजेटमा पनि आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाउने भनियो। तर, त्यो आवमा यो परियोजनाको विकासमा ठोस प्रगति हुन सकेन। चालू आव ०८१/८२ को बजेटमा भने चालू आवदेखि नै यो निर्माण सुरु गर्ने भनिएको छ। तर, हालसम्म परियोजना निर्माण होइन, लगानीको मोडेलसम्म बन्न सकेको छैन। त्यो अवस्थामा आगामी आवको बजेटमा यो परियोजना पिपिपी मोडेलमा बनाउने भनिएको हो।

### ■ निर्माण सुरु नहुनु दुःखद : सरोकारवाला

लगानी जुटाएको अवस्थामा यो परियोजना तत्काल निर्माणमा जान सक्नेछ। सबैभन्दा जटिल मानिने जग्गा प्राप्ति नै ९० प्रतिशतभन्दा बढी भइसकेको छ। काठमाडौंदेखि नजिकको दूरीमा रहेको यो आयोजना पृथ्वीराजमार्गबाट केही किलोमिटरको दूरीमा छ। निर्माणका लागि यो परियोजना निकै सहज अवस्थामा छ। तर, हालसम्म निर्माण नै सुरु नहुनु दुःखद पक्ष भएको पूर्वऊर्जासचिव देवेन्द्र कार्की बताउँछन्।

'यो परियोजना निर्माणका लागि तयारी अवस्थामा छ। पहुँचमार्ग बनिसकेका छन्। जग्गा प्राप्ति भइसकेको छ। अब पैसा जुटाएर निर्माण सुरु गर्नुपर्ने हो। हिउँदमा विद्युत्को अभाव भइरहेको अवस्थामा जलाशययुक्त परियोजना बनाउनुपर्ने दबाब पनि छ। तर, यसमा सरकारले ध्यान दिएको देखिएन,' उनले भने, 'लगानी मोडेलसमेत परिवर्तन गरिरहनु र त्यसमा ठोस निर्णय पनि निकाल्न नसक्नु राम्रो भएन।'

## समर्थन मूल्यमा धान खरिद गर्न सरकारसँग महासंघको माग

**काठमाडौं**/ धानको न्यूनतम समर्थन मूल्य कायम गर्नुपर्ने माग राख्दै अखिल नेपाल किसान महासंघले ज्ञापनपत्र बुझाएको छ। महासंघका अध्यक्ष प्रेम दंगालसहितको टोलीले मंगलबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमक्ष ज्ञापनपत्र बुझाएका हुन्।

सरकारले तोकेको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल २,८६९ भए पनि हालको बजारमूल्य सरदर १,६२५ (प्रतिमन ६५०) मात्र भएको र उक्त मूल्यमा समेत धान बिकी नभई कुहिने अवस्थाले किसान हतोत्साहित भइरहेको महासंघको भनाइ छ। सरकारले औपचारिकताका लागि न्यूनतम समर्थन मूल्य निर्धारण गरिदिने, तर खरिद गर्ने व्यवस्था नगरी किसानलाई झुक्याउने गरेको महासंघको भनाइ छ।

ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले किसानका मागका विषयमा आवश्यक सुनुवाइ गरेर निकास दिने बताए। धानको मूल्यका विषयमा किसानले उठाएका उपयुक्त माग सम्बोधन गरी उपयुक्त कदम चाल्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई निर्देशनसमेत दिएका छन्।

महासंघका उपाध्यक्ष प्रेमनारायण अधिकारीले भने, 'आर्थिक वर्ष ०८१/८२ का लागि नेपाल सरकार मन्त्रिपरिषद्को (०८१ फागुन २१) गते बसेको बैठकले चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल २,८६९ रुपैयाँ निर्धारण गरेको थियो, समयमै धानको समर्थन मूल्य निर्धारण भएकाले किसानले उत्साहित भई चैते धान लगाएका थिए। तर, धान बिक्री गर्ने समयमा बजारमूल्य प्रतिक्विन्टल सरदर १,६२५ रुपैयाँ (प्रतिमन ६५०) रहेको छ। सरकारले तोकेको न्यूनतम समर्थन मूल्य र बजारमूल्यबिचमा ठुलो अन्तर रहेको छ। सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गरिसकेपछि धान उत्पादन हुनासाथ उक्त मूल्यमा धान खरिद गर्ने सुनिश्चित गर्नुपर्छ।'

महासंघले नेपालमा उत्पादित धान किसानबाट खरिद गरी भण्डारण गर्ने र आवश्यकताअनुसार वितरण गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई आग्रह गरेको छ। सरकार किसानप्रति जिम्मेवार र जवाफदेही हुनुपर्ने महासंघको आग्रह रहेको छ।

महासंघको ज्ञापनपत्र बुझ्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले किसानका मागका विषयमा आवश्यक सुनुवाइ गरेर निकास दिने बताए। धानको मूल्यका विषयमा किसानले उठाएका उपयुक्त माग सम्बोधन गरी उपयुक्त कदम चाल्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई निर्देशन दिए।

नेपालमा चैते धान पाँच लाख मेट्रिकटन उत्पादन हुने गरेको छ। उत्पादित धान खरिद गर्न र गोदामको व्यवस्थापन गरिदिन महासंघको माग रहेको छ।

## 'टेक एन्ड पे' पिपिए प्रावधान हटाउन इप्पानको आग्रह

**काठमाडौं**/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले बजेटमा आएको जलविद्युत् आयोजनाको टेक एन्ड पे पिपिए गर्ने प्रावधान हटाउनका लागि ऊर्जा र अर्थमन्त्रीसँग आग्रह गरेको छ। मंगलबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई ज्ञापनपत्र बुझाउँदै इप्पानले टेक एन्ड पे पिपिएको प्रावधानले यो क्षेत्र नै समाप्त हुने भन्दै संशोधनका लागि पहल गरिदिन आग्रह गरेको हो।

ऊर्जामन्त्री खड्काले मन्त्रालयले २८,५०० मेगावाट विद्युत् उत्पादनको मार्गचित्र बनाएर हिँडिसकेपछि विद्युत् खरिद सम्झौतामा 'टेक एन्ड पे' ल्याउनु गम्भीर त्रुटि भएको बताए। ऊर्जा मन्त्रालयमा भएको इप्पान प्रतिनिधिसँगको भेटमा उनले जेठ १५ मा सार्वजनिक गरिएको बजेटमा 'टेक अर पे' पिपिए प्रावधानलाई 'टेक एन्ड पे' बनाउनु राष्ट्र निर्माण गर्ने सरकारको उद्देश्यविपरीतको कार्य भएको समेत बताए।

मन्त्री खड्काले भारत र बंगलादेशमा निर्यात हिसाबले २८,५०० मेगावाटसम्मै टेक अर पे पिपिए गर्नुपर्ने र खपतका हिसाबले पनि २०३५ सम्म १३ हजार पाँच सय मेगावाट आन्तरिक रूपमै खपत हुने मन्त्रालयको प्रक्षेपण रहेकाले अहिले नै टेक एन्ड पेमा जानुपर्ने कुनै बाध्यता सरकारलाई नरहेको स्पष्ट पारे। प्राधिकरणले सक्दैन भने विद्युत् व्यापारका लागि अर्को कम्पनी बनाउनुपर्ने, तर यो विषय जसरी पनि सच्याउनुपर्नेमा खड्काले जोड दिए।

ऊर्जामन्त्री खड्कालाई भेटेलगत्तै इप्पान टोली अर्थमन्त्री विष्णु पौडेललाई भेट्न अर्थ मन्त्रालय पुगेको थियो। अर्थमन्त्री पौडेलसामु पनि इप्पानले टेक एन्ड पे प्रावधान नसच्याए यो क्षेत्र नै समाप्त हुने भन्दै यसलाई सच्याउन आग्रह गरेका थिए। भेटपछि अर्थमन्त्री पौडेलले यस विषयमा सल्लाह गरेर मात्रै जवाफ दिने बताए। उनले आफू विद्युत् बेच्ने भन्दा पनि स्वदेशमा खपत बढाउने पक्षमा रहेको भन्दै खपत गरेर बच्यो भने मात्रै निर्यात गर्नतर्फ लाग्नुपर्ने बताए।

## विश्व बैंकले नेपालमा सात वर्षमा साढे ३ खर्ब खर्चने

**नयाँ पत्रिका**

विश्व बैंकले नेपालमा आगामी सात वर्षमा साढे तीन खर्ब रुपैयाँ खर्च गर्ने योजना बनाएको छ। विश्व बैंकले नयाँ सात वर्षीय देशीय साझेदारी ढाँचा बनाई नेपालमा रोजगारी सिर्जना र प्राकृतिक प्रकोपको नियन्त्रण एवं व्यवस्थापनका लागि उक्त रकम खर्च गर्ने योजना बनाएको हो।

विश्व बैंकका कार्यकारी निर्देशकहरूको २९ मे २०२५ को बैठकमा नेपालका लागि नयाँ सात वर्षीय देशीय साझेदारी ढाँचा (सिपिएफ)माथि छलफल भएको थियो। उक्त छलफलले रोजगारी सिर्जना, प्राकृतिक प्रकोपप्रतिरोधी निर्माण र जलवायु परिवर्तनका जोखिम न्यूनीकरणलगायतलाई प्राथमिकता दिएको छ। विश्व बैंकअनुसार नयाँ सिपिएफ सातै प्रदेशका सरोकारवालासँग छलफल गरेर तयार पारिएको हो, जुन नेपालको १६औँ आवधिक योजनामा समेत आधारित छ।

> रोजगारी सिर्जना, प्राकृतिक प्रकोपप्रतिरोधी निर्माण र जलवायु परिवर्तनका जोखिम न्यूनीकरणलगायतलाई प्राथमिकता दिएको छ

'सिपिएफअन्तर्गत विश्व बैंक समूहले करिब २.७ अर्ब अमेरिकी डलर उपलब्ध गराउने योजना बनाएको छ,' बैंकले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जसको उद्देश्य थप र गुणस्तरीय रोजगारी सिर्जना गर्नु, पहुँच र सेवा प्रवाह सुदृढ गर्नु तथा प्राकृतिक प्रकोप र जलवायु जोखिमप्रति सहनशीलता अभिवृद्धि गर्नु हो।'

नयाँ देशीय ढाँचा नेपाल र विश्व बैंक समहूबिचको ६० वर्षभन्दा लामो साझेदारीमा आधारित रहेको विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका देशीय निर्देशक डेविड सिस्लेनले बताए। यसले आर्थिक वृद्धि, रोजगारी सिर्जना र लगानीलाई प्रवर्द्धन गर्ने उनले बताए। विश्व बैंक समूहले आर्थिक वृद्धि, पर्यटन, डिजिटल कनेक्टिभिटी र एकीकृत सहरी विकासलाई वृद्धि र रोजगारी सिर्जनाका इन्जिनका रूपमा नीति सुधारलाई प्राथमिकता दिने जनाएको छ।

'हामी नेपालमा थप र गुणस्तरीय रोजगारी सिर्जना, प्रकोप तयारी सुदृढीकरण र दिगो भविष्यतर्फको मार्गमा घरेलु र अन्तर्राष्ट्रिय निजी पुँजी परिचालन, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन र संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गर्दछौं,' दक्षिण एसियाका लागि आइएफसीका क्षेत्रीय निर्देशक इमाद एन फखुरीले भने, 'विश्व बैंक समूहको सिपिएफले निजी क्षेत्रको लगानी खोल्ने र व्यावसायिक वातावरण सुदृढ गर्ने सुधारमा हाम्रो प्रयासलाई मार्गदर्शन गर्नेछ, जसले नेपाली जनताको जीवनमा अर्थपूर्ण परिवर्तन ल्याउनेछ।'


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २१ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : हाकिमचोक शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| शम्भु प्रसाद पोखलको छोरी तेज बहादुर थापाको बुहारी राज कुमार थापाको पत्नी चितवन जिल्ला पिठुवा वडा नं. १ हाल, रत्ननगर न.पा. वडा नं. ३ बस्ने **उमा पोखेल** (ना.प्र.नं. : २१६५/०६२ जारी मिति र जिल्ला : २०६२/१२/१५, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| प्रेम बहादुर थापाको नाति तेज बहादुर थापाको छोरा चितवन जिल्ला रत्नगर न.पा. वडा नं. ८ हाल, वडा नं. ३ बस्ने **राज कुमार थापा** (ना.प्र.नं. : ६७३६/०५४ जारी मिति र जिल्ला : २०५४/०७/०३, चितवन) |

**२) शाखा कार्यालय : गोपिगंज शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| कर्ण बहादुर रानाको छोरी उमापति रानाको बुहारी मान बहादुर रानाको पत्नी नवलपरासी जिल्ला दाउन्ने देवि वडा नं. ५ हाल, बर्दघाट न.पा. १४ बस्ने **कामना देवि राना** (ना.प्र.नं. : ३६३०५८/२८३ जारी मिति र जिल्ला : २०६३/१०/२८, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) रुक बहादुर रानाको नाति उमापति रानाको छोरा नवलपरासी जिल्ला दाउन्ने देवि वडा नं. ५ हाल, बर्दघाट न.पा. वडा नं. १४ बस्ने **मान बहादुर राना** (ना.प्र.नं. : ८०९४४ जारी मिति र जिल्ला : २०६२/०३/१४, नवलपरासी) |
| २) धनीराम थारुको छोरी चेत नारायण थारुको बुहारी निम नारायण थारुको पत्नी नवलपरासी जिल्ला दाउन्ने देवि वडा नं. ५ हाल बर्दघाट न.पा. वडा नं. १४ बस्ने **श्रीमन्ता थारु** (ना.प्र.नं. : ५५२१० जारी मिति र जिल्ला : २०५७/०४/०२, नवलपरासी) |

**३) शाखा कार्यालय : हेटौंडा शाखा** — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा/साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| दलपती मल्लको नाति मिन बहादुर मल्लको छोरा मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **अम्मर बहादुर मल्ल** (ना.प्र.नं. : ९०४कैलाली जारी मिति र जिल्ला : २०५१/०९/०१ , मकवानपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) मिन बहादुर मल्लको बुहारी अम्मर बहादुर मल्लको पत्नी मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **शान्ति मल्ल** (ना.प्र.नं. : १७१७७कैलाली जारी मिति र जिल्ला : २०५४/०७/०३ , मकवानपुर) |
| २) मिन बहादुर मल्लको नाति अम्मर बहादुर मल्लको छोरा मकवानपुर जिल्ला गा.वि.स. आमभन्ज्याङ वडा नं. ५ हाल, मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **अशोक मल्ल** (ना.प्र.नं. : ३१-०१-७२-०४१७७ जारी मिति र जिल्ला : २०७२/०५/२७ , मकवानपुर) |
| ३) मिन बहादुर मल्लको नाति अम्मर बहादुर मल्लको छोरा मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **तितस मल्ल** (ना.प्र.नं. : ३१-०१-७५-०७८८० जारी मिति र जिल्ला : २०७५/०८/१०, मकवानपुर) |
| ४) मिन बहादुर मल्लको नातिनी अम्मर बहादुर मल्लको छोरी मकवानपुर जिल्ला मकवानपुरगढी वडा नं. ६ बस्ने **शुष्मा मल्ल** (ना.प्र.नं. : ३१-०१-७५-०७८८० जारी मिति र जिल्ला : २०७५/०४/०६ , मकवानपुर) |
| ५) इन्द्र बहादुर तिमिल्सीनाको छोरी ढाल प्रसाद अधिकारीको बुहारी बोध प्रसाद अधिकारीको पत्नी मकवानपुर जिल्ला आमभन्ज्याङ गा.वि.स. वडा नं. ५ हाल, मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **प्रेम कुमारी अधिकारी** (ना.प्र.नं. : ३१-०१-६९-१२५४४ जारी मिति र जिल्ला : २०६९/१२/२८, मकवानपुर) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ